**कोष व्यवस्थापन कम्पनी लिमिटेड**

**Fund Management Company Limited**

(कृषि विकास बैंक लि. द्वारा संस्थापित प्रबर्द्धित तथा ब्यवस्थित)

# वार्षिक प्रतिवेदन

## सातौं
## वार्षिक साधारणसभा
## (आर्थिक वर्ष २०७९/८०)

**कोष व्यवस्थापन कम्पनी लिमिटेड**

**Fund Management Company Limited**

(कृषि विकास बैंक लि. द्वारा संस्थापित प्रबर्द्धित तथा ब्यवस्थित)

# संचालक समिति



**प्रेम कुमार श्रेष्ठ**
अध्यक्ष



**मीनराज पोखरेल**
संचालक
प्रतिनिधि–कृषि विकास बैंक लि.



**सुशिल हुमागाई**
संचालक
प्रतिनिधि–कृषि विकास बैंक लि.



**सूर्य प्रकाश हाडा**
स्वतन्त्र संचालक



**दिल बस्नेत**
संचालक
शेयरधनीबाट निर्वाचित

---



**उमेश राज रिजाल**
महाप्रबन्धक



**व्यास कुमार शर्मा**
कम्पनी सचिव

# कर्मचारी समूह



# कोष व्यवस्थापन कम्पनी लिमिटेड
**Fund Management Company Limited**
(कृषि विकास बैंक लि.द्वारा संस्थापित, प्रबर्द्धित तथा व्यवस्थित)

# सातौं
# वार्षिक प्रतिवेदन
(आर्थिक वर्ष २०७९/८०)


**कोष व्यवस्थापन कम्पनी लिमिटेड**
**Fund Management Company Limited**
www.fmcl.org.np
Email: fund.maco@gmail.com
सम्पर्क नं. ९८५५०५९६२८, ९८४१३७१९६५, ९८४१५२८०३८

# विषय सूची


| क्र.सं. | विवरण | पृष्ठ संख्या |
|---|---|---|
| १ | सातौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना | १ |
| २ | वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी | २ |
| ३ | प्रोक्सी फाराम | ३ |
| ४ | संचालक समितिको प्रतिवेदन | ४ |
| ५ | कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिमको विवरणहरू | ७ |
| ६ | कम्पनीको वर्तमान संचालक समितिका पदाधिकारीहरू तथा महाप्रबन्धकको विवरण | १२ |
| ७ | साधारण सभा अवधिको नाफा/नोक्सान सारांश विवरण, लेखापरीक्षकको विवरण, लेखापरीक्षण सम्पन्न मिति, संचालकहरू तथा महाप्रबन्धकहरूको विवरण | १३ |
| ८ | आ.व.२०७९/८० को लेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरण | १४ |
| ९ | नगद लाभांश बितरण सम्बन्धमा | २८ |
| १० | लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक र सेवा शर्त सम्बन्धमा | २८ |
| ११ | कम्पनी स्थापनादेखि हालसम्मको अध्यक्षहरूको नामावली तथा कार्यकाल | २९ |
| १२ | कम्पनी स्थापनादेखि हालसम्मको संचालकहरूको नामावली तथा कार्यकाल | ३० |
| १३ | कम्पनी स्थापनादेखि हालसम्मको महाप्रबन्धकहरूको नामावली तथा कार्यकाल | ३१ |

# कोष व्यवस्थापन कम्पनी लि.को

**सातौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८०/०८/१८**

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस कोष व्यवस्थापन कम्पनीको सञ्चालक समितिको मिति २०८०/०८/१७ मा बसेको ३५३ औं बैठकको निर्णयानुसार यस कम्पनीको साधारण सभा निम्न लिखित स्थान, मिति र समयमा निम्न विषयहरू उपर छलफल गर्न बस्ने भएकोले सबै शेयरधनी महानुभावहरूलाई उपस्थितिको लागि हार्दिक अनुरोध छ ।

**साधारण सभा हुने मिति, स्थान र समयः**

मितिः २०८०/०९/०९. गते (सोमबार)

स्थानः कृषि विकास बैंक लि. मुख्य कार्यालयको सभाहल, रामशाहपथ, काठमाण्डौ ।

समयः बिहान ११:३० बजे ।

**छलफलका विषयहरूः**

**(क) सामान्य प्रस्तावहरूः**

१. आ. व. २०७९/८० को संचालक समितिको वार्षिक प्रतिवेदन माथी छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व.२०८० आषाढ मसान्तसम्मको वासलात र आ.व २०७९/८० को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।

३. संचालक समितिबाट प्रस्ताव भए बमोजिम कर प्रयोजन सहित चुक्ता पूँजीको ५% (पाँच प्रतिशत) नगद लाभांश बितरण गर्न स्वीकृत गर्ने ।

४. आर्थिक वर्ष २०८०/८१ को लागि महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षक नियुक्तिको लागि परामर्श प्राप्त हुने लेखापरीक्षकलाई यस कम्पनीको लेखापरीक्षकमा नियुक्ति गर्ने तथा पारिश्रमिक र सेवा शर्त तोक्ने ।

**(ख) विविधः**

**द्रष्टव्यः**

१. कम्पनीको सातौं वार्षिक साधारण सभाको प्रतिवेदन यस कम्पनीको कार्यालय काठमाण्डौबाट प्राप्त गर्न सकिने छ । कम्पनीको कार्यालयमा उपस्थित हुन नसक्ने आदरणीय शेयरधनी महानुभावहरूले कम्पनीको वेभसाइट https://www.fmcl.org.np/ मा वार्षिक प्रतिवेदन प्राप्त गर्न सक्नुहुनेछ ।

२. साधारण सभामा उपस्थित हुँदा शेयरधनी महानुभावहरूले शेयर प्रमाण-पत्र वा परिचय खुल्ने परिचयपत्र अनिवार्य रुपले ल्याउनु हुन अनुरोध गरिन्छ ।

३. साधारण सभा हुने दिन तोकिएको समयमा उपस्थित भई दिनु हुन अनुरोध छ । उक्त दिन बिहान १०:३० बजेदेखि शेयरधनी उपस्थिति पुस्तिका खुल्ला गरिने छ ।

४. साधारण सभा सम्बन्धी अन्य कुनै थप जानकारी चाहिएमा यस कम्पनीको कार्यालयमा वा टेलिफोन नं. ९८४१३७१९६५ वा ९८५५०५९६२८ मा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**
**कोष व्यवस्थापन कम्पनी लि.**

# कोष व्यवस्थापन कम्पनी लि.को
# वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी

(१) वार्षिक साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूले सभा हुने दिन शेयरको भौतिक प्रमाणपत्र वा सोको प्रतिलिपी वा शेयरधनी परिचय नम्बर सहित सक्कल नागरिकताको प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

(२) शेयरधनी महानुभावहरूको सुविधाका लागि कम्पनी ऐन अनुसारको लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक वित्तीय विवरण, संचालक समितिको प्रतिवेदन तथा वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीहरू कम्पनीको कार्यालयबाट शेयर प्रमाणपत्र प्रस्तुत गरी अवलोकन गर्न र प्राप्त गर्न सक्नु हुनेछ । साथै उपरोक्त उल्लेखित विवरण प्रतिवेदनहरू यस कम्पनीको वेभसाइट https://www.fmcl.org.np/ मा समेत अपलोड गरिएको छ ।

(३) शेयरधनी महानुभावहरूले आफ्नो राय, सुझाव, जिज्ञासा तथा प्रश्न केहि भएमा मिति २०८० पौष ०५ गते भित्र कम्पनीको इमेल fund.maco@gmail.com मा इमेल गरी वा कम्पनीको टेलिफोन नं. ९८५५०५९६२८, ९८४१५२५४६४ वा ९८४१३७१९६५ मा फोन गरी कार्यालयमा वा कम्पनी सचिवलाई सम्पर्क गरी टिपाउन सक्नु हुनेछ। शेयरधनी महानुभावहरूको टिपाउनु भएका राय सुझाव, जिज्ञासा तथा प्रश्नहरू संकलन गरी सोको जवाफ साधारण सभाको क्रममा दिने व्यवस्था मिलाइएको छ ।

(४) एक शेयरधनीले एक भन्दा बढी प्रतिनिधि-पत्र (प्रोक्सी) नियुक्त गर्नुभएको अवस्थामा मैले यस अघि दिएको सबै प्रतिनिधि-पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि-पत्र (प्रोक्सी) लाई मान्यता दिईयोस भनी छुट्टै पत्र लेखी सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको कार्यालय रत्नपार्कमा दर्ता भएको अवस्थामा अन्य सबै प्रतिनिधि-पत्र (प्रोक्सी) बदर भई सोही पत्र साथ प्राप्त प्रतिनिधि-पत्र (प्रोक्सी) मात्र मान्य हुनेछ । सो बमोजिम नगरी एकै शेयरधनीले एकभन्दा बढी व्यक्तिहरूलाई प्रतिनिधि-पत्र (प्रोक्सी) नियुक्त गरेको पाइएमा त्यस्ता सबै प्रतिनिधि-पत्र (प्रोक्सी) हरू बदर हुनेछन् ।

(५) नावालक वा मानसिक रुपले अशक्त शेयरधनीहरूको तर्फबाट कम्पनीको शेयर लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भइरहेका महानुभावहरूले सभामा भाग लिन सक्नु हुनेछ। शेयरधनीहरूको दर्ता कितावमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

(६) प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई शेयरधनी उपस्थिति पुस्तिकामा दस्तखत गर्नु भएमा प्रतिनिधि (प्रोक्सी) दिईसकेको भए पनि त्यस्तो प्रोक्सी स्वतः वदर हुनेछ ।

(७) शेयरधनी महानुभावहरूको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान १०:३० बजेदेखि खुला रहने छ। शेयरधनी नम्वरको आधारमा हाजिरी जनाउने व्यवस्था गरिएको हुँदा शेयरधनी महानुभावहरूले आफ्नो शेयरधनी नम्वर अनिवार्य रुपमा प्रस्तुत गरी दिनु हुन समेत अनुरोध छ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**
**कोष व्यवस्थापन कम्पनी लि.**

# कोष व्यवस्थापन कम्पनी लिमिटेडको
# प्रोक्सी फाराम

श्री सञ्चालक समिति,
कोष व्यवस्थापन कम्पनी लि.
काठमाण्डौ ।

**विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।**

............. जिल्ला ................ न.पा/गा.पा. वडा नं. ...... बस्ने म/हामी ......................... ले त्यस कम्पनीको शेयरधनीको हैसियतले **२०८० साल पौष ०९ गते (२५ डिसेम्बर २०२३) सोमबारका दिन हुने सातौं वार्षिक साधारण सभा**मा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि ........ जिल्ला ....... म.न.पा/उ.प.न.पा./न.पा./गा.पा. (साविक.... .....................................................) वडा नं. ...... बस्ने श्री .......................... लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु/पठाएका छौं ।

| प्रतिनिधि नियुक्त भएको व्यक्तिको हस्ताक्षरको नमूनाः | |
|---|---|

नामः .........................................................
ठेगानाः ......................................................
शेयरधनी नं.:.................................................
शेयर प्रमाणपत्र नं.: .........................................
शेयर संख्याः ..................................................
मितिः .........................................................

**निवेदक**
दस्तखतः ...................................................................
नामः.........................................................................
ठेगानाः ....................................................................
शेयरधनी नं.:.................................................
शेयर प्रमाणपत्र नं.: ........................................
शेयर संख्याः .................................................
मितिः .........................................................

**द्रष्टव्यः** (१) प्रोक्सी नियुक्त गरिएको दरखास्त कम्पनीको कार्यालयमा साभारण सभा हुनुभन्दा कम्तीमा ९६ घण्टा अघि दर्ता गरी सक्नु पर्नेछ ।

---

## प्रवेश-पत्र

शेयरधनी नामः ...............................
शेयरधनी परिचय नं.: ............
शेयर प्रमाणपत्र नं.: ..........
शेयर संख्याः ...................
शेयरधनीको हस्ताक्षरः .....................
२०८० साल पौष ०९ गते (२५ डिसेम्बर २०२३) सोमबारका दिन हुने सातौं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश-पत्र ।

**द्रष्टव्यः**
(१) शेयरधनीहरू आफैले खाली ठाँउहरूमा भर्नु हुन अनुरोध छ ।
(२) सभाकक्षमा प्रवेश गर्न प्रवेश-पत्र अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध छ ।

....................
आधिकारीक दस्तखत
कम्पनी सचिव

# संचालक समितिको प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरू,**

कोष व्यवस्थापन कम्पनी लि. को संचालक समितिले आव्हान गरे बमोजिम सातौं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरूलाई कम्पनीको संचालक समिति तथा मेरो व्यक्तिगत तर्फबाट समेत हार्दिक स्वागत गर्दछु ।

कृषि विकास बैंक लि., बैंकका कर्मचारीहरू र सर्वसाधारण समेतको सहभागिता रहने गरी बैंकका कर्मचारीहरूको संचयकोषको रकम तथा अन्य पूँजी रकमलाई घर जग्गा व्यवसाय, संगठित संस्थाहरूको धितोपत्र तथा ऋणपत्रहरू र अन्य सम्भाव्य क्षेत्रमा लगानी गरी उक्त लगानीमा अधिकतम प्रतिफल प्राप्त गर्ने उद्देश्यका साथ मिति २०५० साल चैत्र २३ गतेका दिन कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०५०/१२/३० गतेदेखि संचालनमा आएको यस कोष व्यवस्थापन कम्पनी लि.ले विभिन्न आरोह अवरोहहरू पार गर्दै यस अवस्थासम्म आइपुगेको छ । कोष व्यवस्थापन कम्पनीको वित्तीय अवस्था सन्तोषजनक नै रहेको र नियमित रुपमा वार्षिक साधारण सभा गर्न समयमा नै लेखापरीक्षण कार्य सम्पन्न गरी आ.व.२०७९/८० को वार्षिक प्रतिवेदन तथा आर्थिक विवरणहरू तपाईहरूका सामु आज अनुमोदनका लागि पेश गर्न पाउँदा खुशी महशुस गरेको छु । नियमित रुपमा साधारण सभा गर्दै जाने सिलसिलामा आजको सातौं साधारण सभा सम्पन्न गर्न उपस्थित हुनु भएका सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरू, विभिन्न निकायका प्रतिनिधिज्यूहरू लगायत उपस्थित सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

यस कम्पनीको प्रबन्धपत्र र नियमावलीमा व्यवस्था भए अनुसार कम्पनीले स्थापना कालदेखि नै घरजग्गा खरीद बिक्री, शेयर, वण्ड, डिवेञ्चरहरूमा लगानी गर्ने व्यवस्था गर्दै आइरहेकोमा आफ्नो व्यवसाय विस्तार गर्ने उद्देश्यले विगत केही वर्षदेखि दोश्रो बजारमा शेयर खरिद बिक्री सम्बन्धी कारोबार गर्दै आइरहेको व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

अब म कम्पनीको गत वर्षको कारोवारको संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु । यस अवधिको वित्तीय विवरण र सोसँग सम्बन्धित अनुसूचीहरू यसै प्रतिवेदन साथ संलग्न रहेको जानकारी समेत गराउँदछु ।

**गत वर्षको कारोवारको संक्षिप्त विवरणः**

आर्थिक वर्ष २०७९/८० को अवधिमा बैंकमा राखिएको निक्षेप रकमको व्याजबाट रु.१६,९५,०२२।१७, ऋणपत्रको व्याजबाट रु.७३,०७१।-, शेयर खरीद बिक्री कारोबारबाट रु.५७,३०,८५१।५० र विविध रु. १४२७- समेत जम्मा रु.७५,००,३७१।६७ आम्दानी र कर्मचारी खर्च, कार्यालय खर्च र अन्य खर्च बापत जम्मा रकम रु.३३,१०,६३४।१६ कटाई उक्त आर्थिक वर्षमा कम्पनीले रु.४१,८९,७३७५१ संचालन मुनाफा आर्जन गर्न सफल भएको छ भने लाभांश आय, कर्मचारी बोनस तथा आयकर हिसावको समायोजन गर्दा यस वर्षको नाफा हिसाव रकम रु.२९,७८,६५६।८५ रहेको छ ।

**अब म कम्पनीको विद्यमान अवस्थाको बारेमा बुँदागत रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१. वि.सं. २०५० सालदेखि संचालनमा रहेको यस कम्पनी आ.व. २०७९/८० मा पनि मुनाफामा संचालन भएको र संचित मुनाफा करिब रु.२ करोड ३६ लाख रहेको हुँदा वित्तीय रुपमा सक्षम रहेको ।

२. कम्पनीले जग्गा, विभिन्न धितोपत्रहरू तथा मुद्दती निक्षेपमा लगानी गरिरहेको ।

३. अधिकांश शेयर स्वामित्व कृषि विकास बैंक लि.को रहेकोले बैंकको सहायक कम्पनीको रुपमा रहेको ।

४. संचालन र कर्मचारी खर्चमा मितव्ययिता कायम गरी न्यूनतम दायित्वमा संचालन गरिएको ।

५. कम्पनीको लेखापरीक्षण कार्य निरन्तर र नियमित रुपमा भई रहेको । महालेखापरीक्षकको कार्यालयले नियुक्त गरी पठाएको लेखापरीक्षकबाट बार्षिक रुपमा कम्पनीको लेखापरीक्षण कार्य हुने गरेको ।

६. कम्पनीले नियमानुसार बुझाउनुपर्ने कर दायित्व नियमित भुक्तानी भईरहेको तथा आ.व. २०७९/८० को कर चुक्ता प्रमाणपत्र प्राप्त भई सकेको ।

७. कम्पनीको पुराना लिनुपर्ने दिनुपर्ने हिसावहरू अध्यावधिक रहेको ।

८. यस अघिको साधारण सभाबाट स्वीकृत भएको लाभांश रकम सम्बन्धित शेयरधनीहरूबाट उपलब्ध भएसम्मका बैंक खातामा जम्मा गर्ने कार्य भई सकेको ।

९. कम्पनीले दैनिक संचालनका नियमित कार्यहरू तथा पूँजी बजारको दोश्रो बजारमा लगानी सम्बन्धी कार्यहरू गर्दै आइरहेको ।

१०. कम्पनीको आ.व.२०७९/८० सम्मको बुझाउनु पर्ने सबै अभिलेखहरू कम्पनी रजिष्ट्रारको कार्यालयमा अध्यावधिक भई सकेको ।

११. कम्पनी संचालनका लागि आवश्यक नीति, नियम, कार्यविधि एवं निर्देशिका आवश्यकता अनुसार तर्जुमा भई रहेको ।

१२. कम्पनीलाई थप व्यावसायिक रुपमा सञ्चालन गर्न आवश्यक रहेकोले पूँजी व्यवस्थापनका लागि विभिन्न प्रयासहरू गरिएको ।

**कम्पनीका आगामी कार्य योजनाहरूः**

कोष व्यवस्थापन कम्पनी लि.को उद्देश्य, हालसम्म भए गरेका कार्यहरू, विद्यमान कानूनी अवस्था, सम्पत्ति तथा दायित्वको अवस्था, कम्पनीका सवल तथा दुर्वल पक्षहरू, अवसर तथा चुनौतीहरू, व्यवस्थापकीय, वित्तीय, कारोवारहरूको यथार्थ स्थितिको अध्ययन तथा कम्पनीमा रहेको मौजुदा पूँजीको आधारमा हालको वित्तीय बजारको सम्भावनालाई समेत दृष्टिगत गर्दा कम्पनीको आर्थिक अवस्था सबल नै रहेको देखिन्छ ।

कम्पनीले स्थापनाकाल देखि नै गर्दै आएको घरजग्गा ब्यवसायको कारोवारलाई निरन्तरता दिने, कृषि विकास बैंक लिमिटेडबाट खराव कर्जा असूली तथा सकार सम्पत्तिको ब्यवस्थापन लगायतका कार्यहरूमा बैंकलाई सहयोग गर्ने, मर्चेन्ट बैकिङ्ग ब्यवसायमा प्रवेश गर्ने वा धितोपत्र ब्यवसायमा प्रवेश गर्ने जस्ता विभिन्न बिकल्पहरूमा गृहकार्यहरू भइरहेको छ । यस सम्बन्धी नियामक तथा कानूनी परिधि भित्र रहि गर्न सकिने ब्यवसायको विस्तृत अध्ययन गरी संभव भए सम्म कम्पनीको कार्यक्षेत्र बिस्तारलाई प्राथमिकतामा राखिएको ब्यहोरा जानकारी गराउन चाहन्छु ।

नेपालको अर्थतन्त्रले २०७२ सालको भूकम्प, ब्यापार अवरोध, कोभिड, बस्तुको मुल्य बृद्धि, विगत बर्षमा शेयर बजारमा आएको उच्च गिरावट लगायतका विभिन्न संकटहरूको सामना गर्दा पनि यस कम्पनीले वित्तीय कार्यसम्पादनमा सुधार जारी राख्दै शेयरधनीहरूलाई निरन्तर उचित प्रतिफल दिने रणनीति लिएको छ । सोही अनुरुप विविध समस्याका बाबजुद गत आ.व. २०७९/८० मा कम्पनीले आर्जन गरेको आय मध्ये व्यवसाय बृद्धिका लागि केही रकम जगेडा राखेर ५ प्रतिशत नगद लाभांश वितरणका लागि प्रस्ताव गरेका छौं ।

अर्को आर्थिक बर्षको लागि हाम्रो रणनीति वासलातको स्वस्थ बृद्धि गर्ने, बलियो पूँजी स्थिति कायम राख्ने, जोखिम ब्यवस्थापनका सबल अभ्यासहरू कार्यान्वयन गर्ने र चुनौतीपूर्ण बाह्य परिस्थितिहरूमा ब्यवस्थित विविधकृत पोर्टफोलियो सञ्चालन गर्नमा केन्द्रीत हुनेछ । यसका अतिरिक्त कम्पनीको पूँजी तथा व्यवसाय बृद्धिका साथै लगानी विविधिकरणका लागि कम्पनीको शेयर सर्वसाधारणमा बिक्री गर्न गृहकार्य समेत शुरु गरिनेछ ।

यस सम्बन्धमा यस साधारण सभाबाट प्राप्त हुने निर्णयहरूको अध्ययन गरी आवश्यक कानूनी प्रक्रियाहरूको पालना गर्दै आगामी आर्थिक वर्षमा यथाशिघ्र छिटो कम्पनीको वार्षिक साधारण सभा आयोजना गरिने व्यहोरा समेत अनुरोध गर्न चाहन्छु । साथै आगामी वर्षमा कम्पनीको मुनाफामा अझ बृद्धि गरी शेयरधनीहरूलाई उचित प्रतिफल दिन सकिने प्रतिवद्धता समेत प्रकट गर्न चाहन्छु ।

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस कम्पनी सञ्चालन गर्ने क्रममा हामीलाई सहयोग गर्ने कृषि विकास बैंक लि., कम्पनी रजिष्ट्रारको कार्यालय, महालेखापरीक्षकको कार्यालय, लेखापरीक्षकज्यू, आदरणीय शेयरधनी महानुभावहरू लगायत सरोकारवाला सबैप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यसैगरी कम्पनीको उद्देश्य अनुसारको व्यवसायिक रणनीतिको सफल कार्यान्वयन गरी उल्लेख्य कार्यसम्पादन गर्ने कम्पनीको ब्यवस्थापन समुह र कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । आज यहाँहरूबाट प्राप्त हुने सल्लाह, सुझाव तथा मार्ग निर्देशनहरूले कम्पनीको भावी नीति तथा कार्यक्रम तर्जुमा, कार्ययोजना निर्माण तथा कार्यान्वयन र लक्ष्य प्राप्तिमा थप प्रेरणा एवं हौसला मिल्नेछ भन्ने विश्वास लिएको छु । अन्त्यमा, तपाईहरूको समर्थन र मार्गदर्शनको लागि हाम्रा आदरणीय शेयरधनीहरूप्रति हार्दिक आभार व्यक्त गर्दै सञ्चालक समितिको वार्षिक प्रतिवेदन साथै आ.व. २०७९/८० का प्रस्तुत वित्तीय विवरणहरू र उक्त बर्षमा कम्पनीले सम्पादन गरेका प्रमुख कार्यहरूको समिक्षा र भावी कार्यक्रमहरू सहितको वार्षिक प्रतिवेदनमा छलफल गरी अनुमोदन तथा स्वीकृत गरी दिनु हुन उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरू समक्ष हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ।

संचालक समितिका तर्फबाट
**प्रेम कुमार श्रेष्ठ**
अध्यक्ष

मितिः २०८० पौष ०९ गते सोमवार ।

# कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिमको विवरणसँग सम्बन्धित

**(क) विगत वर्षहरूको कारोवार सिंहावलोकनः**
**आ.व. २०७५/७६ देखि २०७९/८० सम्मको कम्पनीको आर्थिक विवरणहरू निम्नानुसार रहेको छः**

**(रकम रु. हजारमा)**

| विवरण/आ.व. | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| **शेयर पूँजी** | ३१०४८ | ३१०४८ | ३१०४८ | ३१०४८ | ३१०४८ |
| **संचित नाफा (नोक्सान)** | १६४०२ | १९७७६ | १९६९३ | २०७०४ | २३६८२ |
| **दायित्व** | ४३५२ | ४१७० | ५९९३ | ५७४३ | ६३६९ |
| **नगद तथा बैंक मौज्दात** | २२७७२ | २४१९५ | २५६४४ | १९९५० | १९९६५ |
| **पेश्की तथा पाउनु पर्ने** | २७७ | १९४१ | २१५३ | २७८८ | ३८२९ |
| **लगानी** | २६३३६ | २६४७३ | २६५६८ | ३२३६८ | ३४८७५ |
| **चालु सम्पत्ति** | २२३३ | २२३३ | २२३३ | २२३३ | २२३३ |
| **कूल आम्दानी** | २८२२८ | ३४०१ | ५१५० | ५०८३ | ७६३४ |
| **कर्मचारी/संचालन खर्च** | २२६६ | २४९१ | २९६२ | ३६७३ | ३३११ |
| **संचालन नाफा** | २५९६२ | ९११ | २१८९ | ११९२ | ४१९० |
| **खुद नाफा** | १९७८७ | ३३७४ | १५५१ | १०११ | २९७९ |
| **शेयर संख्या (कित्ता)** | ३१०४८० | ३१०४८० | ३१०४८० | ३१०४८० | ३१०४८० |

**(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोवारलाई कुनै असर परेको भए सो असरः**

- अन्तर्राष्ट्रिय जगतमा देखा परिरहेको द्वन्दका कारण सिर्जित तनावले आर्थिक क्षेत्रमा असर परेको र नेपाली बजारमा समेत पर्न सक्ने प्रभावले पनि कम्पनीको व्यवसायमा असर पुग्न सक्ने ।
- रुस र युक्रेन युद्ध, आपूर्ति व्यवधान, पेट्रोलियम पदार्थको मूल्य बृद्धि, खाद्यान्न संकट लगायतका कारण विश्व अर्थतन्त्रको बृद्धिदर सुस्त भएको छ ।
- अन्तर्राष्ट्रिय मुद्राकोषको अनुसार विश्व अर्थतन्त्रको बृद्धिदर सन् २०२३ मा २.८% तथा सन् २०२४ मा ३% ले बिस्तार हुने देखिएको छ ।
- उच्च मुद्रास्फिती, उच्च बरोजगारी दर र अन्तर्राष्ट्रिय ऋणमा बृद्धि ।
- निजी क्षेत्रतर्फ प्रवाह हुन कर्जाको बृद्धिदर कमजोर रहेको, बैकिङ्ग प्रणालीको निस्कृय कर्जा अनुपात बढ्दै गएको, आर्थिक गतिविधीमा सिथिलता आएको देखिन्छ ।
- मनसुन सक्रिय भएको, समयमै मल प्राप्त भएको कारण तथा कृषि उपजको समर्थन मूल्य प्राप्त भएको कारण कृषि क्षेत्रको बृद्धिदर आ.व. २०८०/८१ मा सन्तोषजनक रहने अनुमान रहेको छ ।
- विद्युत व्यापारमा समेत निर्यात बृद्धि भई भारतसँगै व्यापार घाटा घटाउने अनुमान गरिएको छ । त्यस्तै कोभिडको असर कम हुदै पर्यटन व्यवसाय फस्टाउने क्रममा रहेको छ ।

**(ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु बर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने विषयको सम्बन्धमा सञ्चालक समितिको धारणाः**

**(१) आर्थिक बर्ष २०८०/८१ को मार्ग मसान्तसम्मको प्रगति विवरणः**

| क्र.सं. | विवरण | २०८० मार्ग मसान्तसम्म |
|---|---|---|
| १ | शेयर पूँजी | ३,१०,४८,०००.०० |
| २ | संचित नाफा (नोक्सान) | २,७३,१२,०५५.७३ |
| ३ | दायित्व | ६०,५९,३०४.५६ |
| ४ | नगद तथा बैंक मौज्दात | २,१०,०८,३५८.९५ |
| ५ | पेश्की तथा पाउनु पर्ने | ४५,८१,०९८.१५ |
| ६ | लगानी | ३,६६,३२,७४४.५० |
| ७ | चालु सम्पत्ति | २२,३२,६१२.०० |
| ८ | कूल आम्दानी | ५२,४२,७५२.३१ |
| ९ | कर्मचारी/संचालन खर्च | १६,४१,९२१.८१ |
| १० | संचालन नाफा | ३६,००,८३०.५० |
| ११ | खुद नाफा | ३६२९६५४.१६ |

**(२) आ.व. २०८०/८१ को लागि प्रमुख नीति तथा कार्यक्रम देहाय बमोजिम रहेको छः**

- कम्पनीको नियमित संचालनमा रहेका कार्यक्रमहरूलाई यथावत संचालन गर्ने ।
- यस कम्पनीको वार्षिक साधारणसभा नियमितरुपमा तोकिएको समय भित्र सम्पन्न गर्ने ।
- कम्पनी रजिष्टारको कार्यालयमा नियमितरुपमा शेयर लगत लगायत चालु आ.व. भित्र अभिलेखिहरू अध्यावधिक नियमितरुपमा गर्ने/गराउने व्यवस्था मिलाउने ।
- कम्पनीलाई सम्भाब्यता अध्ययन गर्दा ब्रोकर कम्पनीको काम गर्न उपयुक्त र लाभदायक देखिएकोले धितोपत्र बोर्डबाट आगामी बर्षहरूमा इजाजत पाए सो सम्बन्धी कार्य गर्ने ।
- कम्पनीलाई नाफामूलक रुपमा संचालन स्पष्ट कार्यदिशा निर्धारणका लागि कम्पीका संस्थापक तथा बिज्ञहरूको सहभागिता रहने गरी वर्कशप वा कार्यशाला गोष्टी कार्यक्रम संचालन गर्ने ।
- दोश्रो बजारमा शेयर खरीद बिक्रि कारोवार भइरहेको सन्दर्भमा ब्यवसाकियरुपमा खरिद बिक्री कारोवार संचालन गरी सम्भाब्यताको आधारमा मौजुदा शेयर बिक्रि तथा बिभिन्न कम्पनीका डिबेन्चर तथा सामूहिक लगानी कोषको इकाईहरू समेत खरीद बिक्री गरी आय आर्जन गरी अधिकतम मूनाफा आर्जन गर्ने ।
- आ.व. २०८०/८१ को कारोवारको लेखापरीक्षण कार्य नियमितरुपमै सम्पन्न गर्ने ।
- हाल मन्दीको अवस्था रहेकोले जग्गा खरिद बिक्री कारोवारको सुक्ष्मरुपमा अध्ययन गरी कम्पनीको चितवन स्थित जग्गा उपयुक्त समयमा बिक्री बितरण गरी आर्वन गरेको रकमलाई पूनः जग्गा वा शेयरमा परिचालन गर्ने ।
- यस कम्पनीलाई ब्यवसायिक कारोवार गर्न आवश्यक पर्ने थप पूँजीको लागि कृषि विकास बैंक लि.सँग समन्वय गरी अवकास कोषको रकम प्राप्त गर्न पहल गर्ने ।
- कम्पनीको कारोवार संचालन गर्नको लागि आवश्यक नीतिगत ब्यवस्था तथा कार्यविधीहरूको तर्जुमा सम्बन्धमा आवश्य कार्यहरू गर्ने ।
- कम्पनीको काम कारवाही पूर्ण पारदर्शि ढंगबाट संचालन गर्न र नियम संगत तुल्याउन आवश्यक नीति

नियमहरू तर्जुमा गरी संचालक समिति तथा सम्बन्धित निकायको स्विकृती लिई लागु गर्ने ।

- कृषि विकास बैंक लि.बाट समय समयमा प्राप्त हुने नीति निर्देशनहरूलाई कार्यान्वयनमा लग्न समूचितरुपमा पहल गर्ने ।
- कृषि विकास बैंक लि.द्वारा संचालन गरिने धितो लिलामी कार्यमा सहभागी भई उपयुक्त घर जग्गा खरिद गर्ने, बैंकले सकारेको सम्पत्ति बोल कबोलको माध्यमबाट बिक्री गर्दा समेत सहभागिता जनाई उपयुक्त मूल्यमा खरिद गर्ने । सो सम्बन्धी काम कारवाही गर्न गराउन कुनै कानूनी अडचन वा बाधा भए/नभएको यकिन गर्न उचित कानूनी परामर्श प्राप्त गर्ने ।
- बिगतमा जस्तै यस कम्पनीको मूख्य प्रवर्द्धक तथा लगानीकर्ता कृषि विकास बैंक र यस कम्पनी विच ब्यवस्थापन सम्झौता गरी ब्यवसायिक परामर्शको अतिरिक्त अन्य लोजिस्टिक सहयोग प्राप्त गरी कम्पनीको काम कारवाही प्रभावकारी ढंगबाट संचालन गर्ने ।
- संस्थापक सदस्यहरू तथा अन्य शेयर सदस्यहरूबाट समय समयमा प्राप्त हुने उपयूक्त सुझावहरूलाई कार्यान्वयनमा ल्याउन पहल गर्ने ।

**(घ) कम्पनीको औद्योगिक वा व्यावसायिक सम्बन्धः** नभएको ।

**(ङ) संचालक समितिमा भएको हेरफेर र सोको कारणः**

कोष व्यवस्थापन कम्पनी लि. को प्रवन्धपत्र र नियमावलीमा भएको व्यवस्था अनुसार ३ जना सञ्चालकहरू कृषि विकास बैंक लि. बाट प्रतिनिधित्व हुने व्यवस्था रहेको र बैंकबाट प्रतिनिधित्व गर्ने पदाधिकारी अवकाश भएको वा सरुवा भएको वा जिम्मेवारी परिवर्तन भएको अवस्थामा बैंकको निर्णय अनुसार कम्पनीको सञ्चालक समितिमा सञ्चालक परिवर्तन हुने गरेको । निर्वाचित तथा मनोनित सञ्चालकहरूको पदावधि कम्पनीको प्रवन्धपत्र र नियमावलीको व्यवस्था अनुसार हुने गरेको ।

**आर्थिक बर्ष २०७९/८० को सञ्चालक समितिका पदाधिकारीहरूको विवरण**

| क्र. सं. | सञ्चालक/ महाप्रबन्धकको नाम | पद | नियुक्ति मिति | प्रतिनिधित्व |
|---|---|---|---|---|
| १ | श्री प्रेम कुमार श्रेष्ठ | संचालक समिति अध्यक्ष | २०८०/०६/२२ | कृषि विकास बैंक लि.बाट मनोनित |
| २ | श्री प्रताप सुवेदी | संचालक समिति अध्यक्ष | २०७९/०३/२३ देखि २०८०/०६/२१ | कृषि विकास बैंक लि.बाट मनोनित |
| ३ | श्री मीनराज पोखरेल | संचालक समिति सदस्य | २०७८/०९/११ | कृषि विकास बैंक लि.बाट मनोनित |
| ४ | श्री सुशिल हुमागाईं | संचालक समिति सदस्य | २०७७/०९/१५ | कृषि विकास बैंक लि.बाट मनोनित |
| ५ | श्री सूर्य प्रकाश हाडा | संचालक समिति सदस्य | २०७८/०२/१४ | स्वतन्त्र सञ्चालक, सञ्चालक समितिबाट नियुक्त |
| ६ | श्री दिल बस्नेत | संचालक समिति सदस्य | २०७८/०३/२६ | चौथो साधारण सभाबाट निर्वाचित |

**(च) कारोवारलाई असर पार्ने मुख्य कुराहरूः**

- देशको आर्थिक अवस्थामा आउने परिवर्तनबाट पर्न सक्ने जोखिमहरू ।
- देशको आर्थिक, मौद्रिक तथा वित्तीय नीति परिवर्तनबाट हुन सक्ने सम्भावित जोखिमहरू ।
- अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुने आर्थिक जोखिमहरू ।
- पूँजी बजारमा आउन सक्ने उतारचढावबाट हुन सक्ने जोखिमहरू ।
- बैकल्पिक लगानी क्षेत्रहरूको अभाव ।
- देशको राजनितिक अस्थिरताले पार्न सक्ने असरहरू ।

**(छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिक्रियाः**

नभएको ।

**(ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकमः**

**रु. १५,५२,४००।०० (पन्ध्र लाख बाउन्न हजार चार सय मात्र)**

- कम्पनीको संचालक समितिले शेयरधनीहरूलाई कर सहित ५% (पाँच प्रतिशत) का दरले रु. १५,५२,४००/- नगद लाभांश बितरण गर्ने प्रस्ताव गरेको छ ।

**(झ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अंकित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरबापत रकम फिर्ता गरेको भए सोको विवरणः**

नभएको ।

**(ञ) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोवारको प्रगति र सो आर्थिक वर्षको अन्त्यमा रहेको स्थितिको पुनरावलोकनः**

विगत आर्थिक वर्षमा कम्पनीको आर्थिक अवस्था राम्रो रहेको र यस वर्ष पनि कम्पनीको आर्थिक अवस्था सकारात्मक नै रहने अपेक्षा रहेको । यस कम्पनीको कुनै सहायक कम्पनी नभएको ।

**(ट) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोवारहरू र सो अवधिमा कम्पनीको कारोवारमा आएको कुनै महत्वपूर्ण परिवर्तनः**

उक्त आर्थिक वर्षमा कम्पनीले नयाँ कारोवार शुरु नगरेको तथा कुनै परिवर्तन नभएको ।

**(ठ) विगत आर्थिक वर्षमा कम्पनीका आधारभूत शेयरधनीहरूले कम्पनीलाई उपलब्ध गराएको जानकारीः**

साधारण सभा समयमा नै सम्पन्न गर्नुपर्ने जानकारी गराइएको ।

**(ड) विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरूले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोवारमा निजहरू संलग्न रहेको भए सो सम्बन्धमा निजहरूबाट कम्पनीले प्राप्त गरेको जानकारीः**

(१) संचालक सूर्य प्रकाश हाडा, शेयर संख्या २०० कित्ता

(२) संचालक दिल बस्नेत, शेयर संख्या २०० कित्ता

**(ढ) विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरूमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराईएको जानकारीको व्यहोराः**

नभएको ।

**(ण) कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अंकित मूल्य तथा त्यसरी शेयर खरिद गरे बापत कम्पनीले भुक्तानी गरेको रकमः**

नभएको ।

**(त) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरणः**

कम्पनीको संगठनात्मक संरचना, मौजुदा जनशक्तिको अवस्था आदि कारणले गर्दा आन्तरिक प्रणाली पर्याप्त नभएको ।

**(थ) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरणः**

**(रकम रु.)**

| क्र. सं. | विवरण | आ.व. २०७९/८० | आ.व. २०७८/७९ |
|---|---|---|---|
| १ | कर्मचारी खर्च | २४,६१,८६६।०० | २१,६२,०२०।०० |
| २ | अन्य संचालन खर्च | ८,४८,७६८।१६ | १५,१०,५१०।९१ |

**(द) लेखापरीक्षण समितिका सदस्यहरूको नामावली, निजहरूले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेका काम कारवाहीको विवरण र समितिले कुनै सुझाव दिएको भए सोको विवरणः**

नभएको ।

**(ध) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुराः**

नभएको ।

**(न) सञ्चालक, प्रवन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरूलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकमः**

आ.व. २०७९/८० मा कम्पनीका संचालकहरूलाई उपलब्ध गराएको कुल बैठक भत्ताः रु.२,३७,०००।-

आ.व. २०७९/८० मा कम्पनीका महाप्रबन्धकलाई उपलब्ध गराएको कुल पारिश्रमिकः रु.२,४३,२४०।-

आ.व. २०७९/८० मा लेखापरीक्षकलाई उपलब्ध गराएको कुल पारिश्रमिकः रु.७५,०००।-

**(प) शेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभांश रकमः**

आ.व.२०७९/८० सम्ममा शेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभांश रकम रु.३१,८९,९९०।-

**(फ) दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरणः**

नभएको ।

**(ब) दफा १७५ बमोजिम सम्बद्ध कम्पनी बीच भएको कारोवारको विवरणः**

नभएको ।

**(भ) यस ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुराः**

सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुराहरू आवश्यक ठाउँमा खुलाइएको छ ।

**(म) अन्य आवश्यक कुराहरूः**

नभएको ।

# कोष व्यवस्थापन कम्पनी लि.

## कम्पनीको वर्तमान सञ्चालक समितिका पदाधिकारीहरू तथा महाप्रबन्धकको विवरण

| क्र. सं. | सञ्चालक/ महाप्रबन्धकको नाम | पद | नियुक्ति मिति | प्रतिनिधित्व |
|---|---|---|---|---|
| १ | श्री प्रेम कुमार श्रेष्ठ | संचालक समिति अध्यक्ष | २०८०/०६/२२ | कृषि विकास बैंक लि.बाट मनोनित |
| २ | श्री मीनराज पोखरेल | संचालक समिति सदस्य | २०७८/०९/११ | कृषि विकास बैंक लि.बाट मनोनित |
| ३ | श्री सुशिल हुमागाईं | संचालक समिति सदस्य | २०७७/०९/१५ | कृषि विकास बैंक लि.बाट मनोनित |
| ४ | श्री सूर्य प्रकाश हाडा | संचालक समिति सदस्य | २०७८/०२/१४ | स्वतन्त्र सञ्चालक, सञ्चालक समितिबाट नियुक्त |
| ५ | श्री दिल बस्नेत | संचालक समिति सदस्य | २०७८/०३/२६ | चौथो साधारण सभाबाट निर्वाचित |
| ६ | श्री उमेश राज रिजाल | महाप्रबन्धक | २०७९/०९/२९ | कृषि विकास बैंक लि.बाट नियुक्त |

# कोष व्यवस्थापन कम्पनी लि.

## साधारण सभा अवधिको नाफा नोक्सान सारांश विवरण, लेखापरीक्षकको विवरण, लेखा परीक्षण सम्पन्न मिति र संचालक समितिका पदाधिकारीहरू तथा महाप्रबन्धकहरूको विवरण

साधारण सभा अवधिको लेखापरीक्षकको विवरण, लेखा परीक्षण सम्पन्न मिति, कम्पनीको नाफा/नोक्सानको अवस्था, संचालक समितिका पदाधिकारीहरू तथा महाप्रबन्धकहरूको नामावलीको विवरण देहाय बमोजिम रहेको छः

| क्र.सं. | आर्थिक वर्ष | नाफा/नोक्सान | लेखापरीक्षण समाप्त मिति | लेखापरीक्षक | संचालक समितिका पदाधिकारीहरू तथा महाप्रबन्धकहरूको नामावली |
|---|---|---|---|---|---|
| १ | २०७९/८० | २९,७८,६५६|८५ | २०८०/०८/०१ | सि.ए. राज ढकाल<br>प्रोप्राईटर<br>राज ढकाल एण्ड एशोसियट्स | श्री प्रेम कुमार श्रेष्ठ (अध्यक्ष)<br>श्री प्रताप सुवेदी (अध्यक्ष)<br>श्री मीनराज पोखरेल (संचालक)<br>श्री सुशिल हुमागाईं (संचालक)<br>श्री सूर्य प्रकाश हाडा (संचालक)<br>श्री दिल बस्नेत (संचालक)<br>श्री उमेश राज रिजाल (महाप्रबन्धक)<br>श्री मनोज भक्त आचार्य (महाप्रबन्धक) |

राज ढकाल एण्ड एसोसिएट्स
RAJ DHAKAL & ASSOCIATES
Chartered Accountants

Contact: 977-9851338073, 9848439466
E-mail: carajdhakal@gmail.com
Address: Talchikhel-14, Lalitpur

**कोष व्यवस्थापन कम्पनी लिमिटेडका**
**शेयरधनी महानुभावहरु समक्ष स्वतन्त्र लेखापरिक्षकको प्रतिवेदन**

**लेखापरिक्षकको राय**

हामीले **कोष व्यवस्थापन कम्पनी लिमिटेड**को (यस पछि कम्पनी भनिएको) यसै साथ संलग्न २०८० आषाढ ३१ मितिको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सानी हिसाब, नगद प्रवाह विवरण, इक्यिूटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू (यस पछि समग्रमा वित्तीय विवरणहरू भनिएको) लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा र हामीले पाएको अधिकतम जानकारी तथा हामीलाई दिईएको स्पष्टीकरणहरू बमोजिम माथि उल्लेखित वित्तीय विवरणहरूले सारभूत रूपमा कम्पनीको मिति २०८० आषाढ ३१ को वित्तीय अवस्था तथा सो मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्यिूटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू प्रचलित कानुनका अधिनमा रही कम्पनी ऐन २०६३ अनुरूप यथार्थ चित्रण गर्दछ ।

**लेखापरिक्षकको रायका आधार**

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षण मान बमोजिम सम्पन्न गरेका छौ । ती मान बमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरेको The Handbook of the code of Ethics for Professional Accountants बमोजिम हामी कम्पनीसँग स्वतन्त्र छौं र हामीले सो ह्याण्ड बुक बमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौ। हाम्रो लेखापरीक्षण प्रमाणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

**वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाको उत्तरदायित्व**

नेपाल वित्तिय प्रतिवेदनमान अनुरूप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयारी एवम् प्रस्तुत गर्ने तथा चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत रूपमा त्रुटीरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । वित्तिय विवरण तयार गर्दा व्यवस्थापनलाई कम्पनी विघटन गर्ने, सञ्चालन बन्द गर्ने वा सो बाहेक व्यवहारिक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक, कम्पनी निरन्तर सञ्चालन हुने क्षमताको मूल्याङ्कन गर्ने, आवश्यक बमोजिम खुलासा गर्ने र निरन्तर सञ्चालनमा आधारित लेखा नीति प्रयोग गरी वित्तीय विवरण तयार गर्ने जिम्मेवारी कम्पनीको व्यवस्थापनमा रहेको छ ।

संचालक समिति कम्पनीको वित्तीय सम्प्रेषण प्रक्रियाको रेखदेखको लागि जिम्मेवार छ ।

राज ढकाल एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स ललितपुर

वित्तीय प्रतिवेदन

**वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व**

वित्तीय विवरणहरू सम्पूर्ण रूपमा चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत रूपमा त्रुटिरहित छन् वा छैनन् भन्ने बारे उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो । उचित आश्वस्तता एक उच्च स्तरीय आश्वस्तता भएता पनि सारभूत त्रुटीहरू विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षणमान अनुरूपै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभूत त्रुटीहरू सधैं पहिचान हुन्छन् भन्ने आश्वस्तता रहँदैन । गलत प्रस्तुति, जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तुतिहरूले वित्तिय विवरणको आधारमा प्रयोगकर्ताहरूले लिने आर्थिक निर्णयहरूलाई अलग अलग वा समग्र रूपमा प्रभाव पार्न सक्ने उचित अपेक्षा गरिन्छ भने उक्त गलत प्रस्तुतिलाई सारभुत रूपमा गलत प्रस्तुति भनिन्छ ।

नेपाल लेखापरीक्षणमान अनुरूप लेखापरीक्षणको क्रममा हामी व्यावसायीक सन्देह कायम राखी पेशागत निर्णयको अभ्यास गर्दछौं । कमश हामीले

- वित्तिय विवरणमा जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभूत गलतप्रस्तुतिहरूको जोखिम पहिचान तथा मुल्याङ्कन गरी ती जोखिमहरूको लागि प्रभावकारी लेखापरीक्षण प्रकियाहरू तर्जुमा गरी हाम्रो मन्तव्य प्रदान गर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौ । मिलिभगत, ठगी, जानाजानी भुलचुक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणलीको मिचाई समावेश हुने भएकोले गल्तीहरूभन्दा जालसाजीबाट हुने सारभूत गलत प्रस्तुतिहरूको पहिचान नहुने जोखिम अधिक रहन्छ ।
- कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्बन्धी राय व्यक्त गर्ने उद्देश्य नभई, लेखापरीक्षण प्रक्रियाहरू तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासंगिक हुने कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौ ।
